**कोरोना भाइरससम्बन्धी प्रदेश २ अवस्था**
**धनुषा । ०७७ वैशाख २३ गते**

प्रदेश २ मा वैशाख २३ गतेसम्म कोरोना भाइरसका शङ्कास्पद २ हजार ६ सय १० जनाको स्वाब सङ्कलन गरिएकोमा २ हजार २ सय ९२ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने १३ जनाको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयका सचिव घिमिरेले जानकारी दिनु भयो । ३ सय ५ जनाको रिपोर्ट आउन बाँकी रहेको छ ।

वैशाख २३ गतेसम्म आरडीटी किटबाट परीक्षण ५ हजार ३ सय १६ जनाको गरिएकोमा ५ हजार ३ सय ६ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने १० जनाको रिपोर्ट पोजेटिभ आएको छ । प्रदेशमा वैशाख २३ गतेसम्म १ हजार २ सय ७४ जना क्वारेन्टाइनमा रहेका छन् भने ४ हजार ३ सय ६४ जना होमक्वारेन्टाइनमा रहेका छन् । कोरोना आशङ्का गरिएका ३१ जना बिरामी आइसोलेशन वार्डमा उपचारार्थ छन् ।

प्रादेशिक अस्पताल जनकपुरधामको हाता भित्र रहेको नरसिङ्ग क्याम्पसमा निर्माण गरिएको कोभिड अस्पतालले अब कोरोना भाइरस (कोभिड- १९) को पोजेटिभ बिरामीलाई उपचार गर्नको लागि तयारी अवस्थामा रहेको जनाइएको छ । प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डाक्टर नागेन्द्रप्रसाद यादवले अहिले प्रादेशिक अस्पतालमा नै भएका भेन्टिलेटर, मोनिटर, अक्सिजन सहितको उपकरणहरू जडान गरेर ४३ बेड क्षमताको कोभिड- २ लेभलको अस्पताल निर्माण गर्ने काम सम्पन्न भएको र पोजेटिभ बिरामीको उपचार गर्नका लागि पूर्ण तयारी अवस्थामा रहेको जानकारी दिनु भयो ।

पर्साको बीरगञ्ज महानगरपालिकाको कोभिड-१९ अस्पताल सम्बन्धी प्रास्तवनालाई सङ्घीय सरकारको स्वास्थ्य मन्त्रालयले अनुमति प्रदान गरेको छ । वैशाख २३ गते मन्त्रिस्तरीय निर्णयबाट कोभिड अस्पताल सञ्चालनको अनुमति दिएको पूर्व सांसद एवम् नेकपाका नेता विचारी यादवले जानकारी दिनु भयो । यसैगरी, पर्साको बीरगञ्जको नारायणी अस्पतालमा वैशाख २३ गतेदेखि पीसीआर मेशिन सञ्चालनमा आएको छ । अस्पतालमा जडान भएको पीसीआर ल्याबबाट आज पहिले चरणमा १६ जनाको स्वाबको परीक्षण गरिएको अस्पतालका मेडिकल सुपेरिटेन्डेण्ट डाक्टर मदन उपाध्यायले जानकारी दिनु भयो ।

रौतहटको बौधिमाई नगरपालिका-६ मा तत्कालीन सङ्घीय समाजवादी फोरमबाट निर्वाचित वडा अध्यक्ष हृदयनारायण यादवले गरीब विपन्नलाई छोडेर पार्टी कार्यकर्ता तथा आफ्ना आसेपासेलाई राहत वितरण गरेको भन्दै स्थानीयले अवरोध गरेपछि प्रहरी र स्थानीय बीच वैशाख २३ गते झडप भयो । प्रहरीले लाठीचार्ज गरेपछि स्थानयीले ढुङ्गामुडा प्रहार गरेका थिए । स्थानीयले प्रहार गरेको ढुङ्गा लागेर एक प्रहरी जवान घाइते हुनु भएको छ । इलाका प्रहरी कार्यालय कोपवाका प्रमुख परमानन्द यादवका अनुसार सर्वदलीय निर्णय अनुसार राहत वितरण भइरहँदा असन्तुष्ट पक्षले अवरोध गरेपछि लाठीचार्जको अवस्था आएको थियो । अवस्था तनावग्रस्त हुँदा प्रहरीले राहत वितरण कार्य तत्कालका लागि स्थगित गरेको छ ।

यसैगरी लकडाउनका कारण रोजगारी गुमेको र खाद्यान्न सकिएपछि खान समस्या हुँदा समेत गाउँपालिकाले कसैलाई राहत वितरण नगरेको भन्दै स्थानीयले वैशाख २२ गते महोत्तरीको सम्सी गाउँपालिकाको कार्यालय घेराउ गरेका छन् । वडा कार्यालयले घर-घर पुगेर नाम सङ्कलन गरी हस्ताक्षर गराएको महिना दिन बितिसक्दा समेत राहत वितरण हुन सकेको छैन । गाउँपालिकाबाट राहत वितरण गर्न सात ओटा वडालाई १० लाख रुपियाँको दरले बजेट पठाएको थियो तर, वडा कार्यालयहरूले राहतको सट्टा मास्क र सेनिटाइजर मात्रै बाँडेको स्थानीयले बताए । गाउँपालिकाका

अध्यक्ष शेष फारुकले राहत वितरणका लागि वडा कार्यालयलाई रकम उपलब्ध गराइसकेको बताउनु भयो ।
बारामा लकडाउनबाट प्रभावित गरगहना बनाउने १ सय जना कालीगढहरूलाई नेपाल सुन चाँदी व्यवसायी सङ्घले चामल २० किलो, दाल दुई किलो, पिठो दुई किलो, चिनी एक किलो, खानेतेल, नुन, सोयाबिन साबुन लगायतका राहत वितरण गरेको विजय स्वर्णकारले जानकारी दिनु भयो ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेल**का अनुसार लकडाउन र नेपाल-भारत सीमा-नाका बन्द रहेका बेला सयौंको सङ्ख्यामा मजदुरहरूले हनुमाननगर कंकालिनी नपा-८, ११, १२ र १४ स्थित कोशी बाँधमा स्पर मर्मतको काम सुरु गरेपछि कोरोनाको जोखिम बढेको भन्दै स्थानीयवासीले वैशाख २३ गते जिल्ला प्रशासन कार्यालयमा ज्ञापन-पत्र बुझाका छन् । स्थानीयवासीको ज्ञापन-पत्र सम्बन्धमा बसेको जिल्ला सुरक्षा समितिको बैठकले मापदण्ड पालना नगरी कोशी बाँधको काम भइरहेको भए काम रोक्का गरी बास्तविक अवस्थासहितको प्रतिवेदन तीन दिन भित्र बुझाउन सशस्त्र प्रहरी गण ६ नम्बरलाई स्थलगत अनुगमन गर्ने जिम्मा दिएको प्रशासकीय अधिकृत आनन्द ठाकुरले बताउनु भयो ।
बिष्णुपुर गाउँपालिका-६ स्थित रञ्जितपुर, गोरगमा टोलमा वैशाख २३ गते १५ किलो चामल, दुई किलो दाल, एक लिटर खाने तेल र एक किलो नुन राहत वितरण गरिएको छ । द फ्रिडम फण्डको साझेदारीमा श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीले वैशाख २३ गते शम्भुनाथ नगरपालिकामा सञ्चालित सामाजिक परिचालन तथा शिक्षाको माध्यमबाट हरवा चरवा कार्यक्रम अन्तर्गतका १ सय २० मुसहर परिवारलाई २५ किलो चामल, दुई लिटर खाने तेल, दुई किलो दाल, तीन किलो नुन एक प्याकेट मुरही, २० लिटरको बाल्टिन, स्यानिटाइजर, लुगा धुने तथा नुहाउने दुई/दुई ओटा साबुन राहत वितरण गरेको छ ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियार**का अनुसार मिर्चैया नपा-.११ मा वैशाख २३ गते गरिब, विपन्न तथा दलित परिवारलाई राहत वितरण गरिएको छ । मिर्चैया नगरपालिकाका प्रमुख श्रवण यादवले कोरोना कोषमा ५० लाख रुपियाँको रकम खडा गरेको र सोही कोषबाट क्वारेन्टाइन व्यवस्थापन, सेनिटाइजर लगायत राहत वितरण गरिएको बताउनु भयो । वडा नं. ११ मा ३ सय ५० जनालाई राहत वितरण गरेको जानकारी दिनु हुँदै राहतमा चामल १२ केजी, दाल एक केजी, नुन एक केजी, सोयाबिन ५ सय ग्राम, खाने तेल आधा लिटर वितरण गरेको उहाँले बताउनु भयो ।
त्यसैगरी, सिरहा नपा-.११ मा पनि वैशाख २३ गते विपन्न, दलित गरिब परिवारलाई राहत वितरण गरिएको छ ।
सिरहा नपा- ११ का वडा अध्यक्ष बिनोदकुमार कामतीले ३ सय ८० परिवारलाई चामल २५ केजी, दाल तीन केजी, खाने तेल दुई लिटर, नुन दुई केजी, साबुन लगायतका सामग्रीहरू वितरण गरेको बताउनु भयो ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दीपेन्द्रप्रसाद सिंह**का अनुसार जनकपुरधामको श्री राधाकृष्ण सार्वजानिक पुस्तकालय तथा श्री भैरव कल्याण समाज नेपाल तथा नागरिक समाज मुजेलीयाको संयुक्त आयोजनामा वैशाख २३ गते छैठौं दिन १ सय ११ गरिब तथा अति विपन्न परिवारहरूमा तयारी भोजन वितरण गरिएको छ ।

१ सय ११ परिवारका कुल ७ सय २१ जनालाई निःशुल्क खाना वितरण गरिएको हो । कोभिड-१९ नियन्त्रणका लागि सरकारले लागु गरेको लकडाउनका कारण जनकपुरधाम उप-महानगरपालिका वडा नम्बर १४ का स्थानीय गरिब तथा अति विपन्न परिवारहरू सँगै दैनिक ज्यालादारी गर्ने मजदुर र श्रमिकहरूलाई हातमुख जोर्न समेत समस्या भइरहेकाले भोजन वितरण गरिएको संयोजक शम्भु यादवले बताउनु भयो ।

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साह**का अनुसार राहत वितरण नगरेको भन्दै स्थानीयले सम्सी गाउँपालिकाको कार्यालय घेराउ गरेका छन् । लकडाउनका कारण रोजगारी गुमेको र खाद्यान्न सकिएपछि खान समस्या हुँदा समेत गाउँपालिकाले कसैलाई राहत वितरण नगरेको भन्दै स्थानीयले वैशाख २२ गते गाउँपालिकाको कार्यालय घेराउ गरेका हुन् ।

वडा कार्यालयले घर-घर पुगेर नाम सङ्कलन गरी हस्ताक्षर गरेको महिना दिन बितिसक्दा पनि राहत वितरण हुन सकेको छैन । गाउँपालिकाबाट राहत वितरण गर्न सात ओटा वडालाई १० लाखको दरले बजेट पठाएको थियो तर वडा कार्यालयहरूले राहतको सट्टा मास्क र सेनिटाइजर मात्रै बाँडेको पाइएको छ ।

गाउँपालिका घेराउ गर्न पुगेका आक्रोशित समूहले जनप्रतिनिधि र कर्मचारी विरुद्ध नाराबाजी गरेका थिए । गाउँपालिका अध्यक्ष शेष फारुकसँग यस विषयमा कुरा गर्दा उहाँले केही भरपर्दो उत्तर नदिएको स्थानीयहरूको भनाइ रहेको छ । गाउँपालिकाका अध्यक्ष फारुकले राहत वितरणका लागि वडा कार्यालयलाई रकम उपलब्ध गराइसकेको बताउनु भयो ।

त्यसैगरी, प्रादेशिक अस्पताल जनकपुरधामको हाता भित्र रहेको नर्सिङ्ग क्याम्पसमा निर्माण गरिएको कोभिड अस्पतालले अब कोरोना भाइरस पोजेटिभ बिरामीलाई उपचार गर्नको लागि तयार भएको छ ।

यसअघि तयार नभएका कारणले धनुषा, महोत्तरी तथा सर्लाही सहित तीन जिल्लाको क्लस्टर रहेकोमा सर्लाहीको धनकौल गाउँपालिका वडा नं. ५ मा एक जनामा पोजेटिभ देखिएको बिरामीलाई उपचारका लागि बीरगंजको कोभिड अस्पतालमा उपचारार्थ भर्ना गरिएको थियो ।

प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. नागेन्द्रप्रसाद यादवले अहिले प्रादेशिक अस्पतालमा नै भएका भेन्टिलेटर, मोनिटर, अक्सिजन सहितको उपकरणहरू जडान गरेर ४३ वेड क्षमताको कोभिड २ लेभलको अस्पताल निर्माण गर्ने काम सम्पन्न भएको र पोजेटिभ देखिएका बिरामीको उपचार गर्नका लागि पूर्णरूपमा तयारी अवस्थामा रहेको जानकारी दिनु भयो ।

मेसु डा. यादवले भन्नु भयो-'अहिले स्वास्थ्य उपकरणहरू बाहिरबाट ल्याएर जडान गर्न कठिन भएका कारण प्रादेशिक अस्पतालमा भएका उपकरण नै जडान गरिएको छ ।'

तर, कोभिड अस्पतालमा कोरोनाको पोजेटिभ देखिएका बिरामी आएको खण्डमा प्रादेशिक अस्पतालले दिँदै आएको कतिपय सेवाहरू प्रभावित हुने अवस्था रहेको मेसु डा.यादवले जानकारी दिनु भयो ।

मेसु डा. यादवले कोभिड अस्पतालमा आठ ओटा आइसियु वेड पनि निर्माण गरिएको जानकारी दिनु भयो । अहिलेसम्म पोजेटिभ केश फेला नपरेपनि आज पनि प्रादेशिक अस्पतालको आइसोलेशन वार्डमा कोरोना आशंकित ११ जना बिरामीको उपचार भइरहेको मेसु डा.यादवले जानकारी दिनु भयो ।

लकडाउनको बीचमा कोभिड अस्पतालको निर्माण गर्न निकै समय लागेको बताउँदै अहिले विश्वमा नै स्वास्थ्य सामग्रीको अभाव भएका कारण भवन छुट्टै भएपनि प्रादेशिक अस्पतालको साधन श्रोतको अधिकतम प्रयोग गरेर कोभिड २ लेभलको अस्पताल निर्माण गरिएको उहाँले बताउनु भयो ।

उहाँले प्रादेशिक अस्पतालले दिँदै आएको अन्य उपचारहरूलाई निरन्तरता दिने उद्देश्यले नै कोभिड अस्पतालमा पोजेटिभ देखिएका बिरामी राख्नका लागि छुट्टै गेटबाट प्रवेशको व्यवस्था मिलाइएको बताउनु भयो ।
कोभिड पोजेटिभ बिरामीको उपचारका लागि सबै चिकित्सक, सबै प्रकारका कर्मचारीहरूको परिचालन गर्ने काम भएको छ । आइसोलेशनमा भएका कोरोनाको शङ्कास्पद बिरामीलाई नयाँ निर्माण गरिएको कोभिड अस्पतालको छुट्टै कोठामा सिफ्ट गर्नु पर्ने अवस्था रहेको मेसु डा. यादवले बताउनु भयो ।

**इन्सेक सर्लाही जिल्ला प्रतिनिधि बुधन साह**का अनुसार मलंगवा नगरपालिकामा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले चामल सहयोग गरेको छ । वैशाख २२ गते एक कार्यक्रमको आयोजना गरी नेकपा मलंगवा नगर कमिटीले मलंगवा नगरपालिकालाई १८ सय ५० किलो सोना मनसुली चामल हस्तान्तरण गरेको हो ।
लकडाउनबाट प्रभावित अति विपन्न गरिब परिवारको चुलो ननिभोस भन्ने उद्देश्यले नेकपा सर्लाहीले विभिन्न स्थानीय तहरूलाई खद्यान्न सहयोग गर्दै आएको छ र सोही अनुरूप मलंगवा नगरपालिकालाई चामल हस्तान्तरण गरिएको नेकपा सर्लाहीका जिल्ला सचिव कमल बुढाथोकीले जानकारी दिनु भयो ।
जिल्ला समन्वय समिति सभापति मेथुर चौधरी, जिल्ला विपद व्यवस्थापन समिति प्रमुख मोहनबहादुर जिसी र मलंगवा नगरपालिकाका नगर प्रमुख निरश्ल साहलाई संयुक्त रूपमा नेकपा मलंगवा नगर कमिटीले चामल हस्तान्तरण गरेको सचिव बुढाथोकीले जानकारी दिनु भएको छ ।
चामल हस्तान्तरण कार्यक्रममा राष्ट्रिय सभा सदस्य राधेश्याम पासवान, प्रदेश नं.२ का प्रदेश सभा सदस्य दिल्ली उप्रेती, नेकपा सर्लाहीका जिल्ला ईन्चार्ज डाचाराज वाग्ले, नेकपाका जिल्ला अध्यक्ष रेवती पन्त, सचिव कमल बुधाथोकी, मलंगवा नगरपालिकाका नगर संयोजक देवेन्द्र यादव लगायतको उपस्थिति रहेको नेकपा जिल्ला सचिव कमल बुढाथोकीले जानकारी दिनु भएको छ ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिना**का अनुसार बौधिमाई नगरपालिकमा राहत वितरणको विषयमा प्रहरी र स्थानीय बिच झडप भएको छ । बौधिमाई नपा-६ स्थित ईलाका प्रहरी कार्यालय कोपवा नजिकै राहत वितरणमा प्रहरीले लाठीचार्ज गरेपछि स्थानीयले ढुङ्गामुडा प्रहार गरेका छन् । स्थानीयले प्रहार गरेको ढुङ्गाले लागेर एक प्रहरी जवान घाइते भएका छन् ।
तत्कालीन सङ्घीय समाजवादी फोरमबाट निर्वाचित वडा अध्यक्ष हृदयनारायण यादवले गरीब विपन्नलाई छोडेर पार्टी कार्यकर्ता तथा आफ्ना आसेपासेलाई राहत वितरण गरेको भन्दै अवरोध गर्नु भएको थियो । वडा अध्यक्ष यादवले राहत वितरण सुरू गर्दा स्थानीय आफ्ना पक्षका मानिसलाई मात्र राहत वितरण गरिरहेको आरोप लगाएका थिए ।
अबरोध गरे लगत्तै वडा अध्यक्ष हृदयनारायण यादवको सल्लाहमा प्रहरीले अबरोध गर्ने पक्षमाथि लाठीचार्ज गरेपछि दर्जनौं स्थानीयहरूले प्रहरीमाथि ढुङ्गामुडा प्रहार गरेका थिए । ढुङ्गामुडापछि अवस्था तनावग्रस्त हुँदा प्रहरीले राहत वितरण कार्य तत्कालको लागि स्थगित गरेको छ ।
ईलाका प्रहरी कार्यालय कोपवाका प्रमुख परमानन्द यादवका अनुसार सर्वदलीय निर्णय अनुसार राहत वितरण भइरहँदा असन्तुष्ट पक्षले अबरोध गरेपछि लाठीचार्जको अवस्था आएको थियो । लकडाउनको ४० दिनपछि बौधिमाई नगरपालिकाले सुरू गरेको राहत वितरणमा व्यापक त्रुटी भएको स्थानीय पत्रकार कमल यादवले बताउनु भएको छ ।

त्यसैगरी, रौतहट बचत तथा ऋण सहकारी संघले लकडाउनबाट पीडित चन्द्रपुर–८ स्थित एकीकृत मुसहर नमुना बस्तीका बासिन्दालाई खाद्यान्न सहयोग गरेको छ । धुर्मुस सुन्तली फाउण्डेसनद्वारा निर्माण गरिएको सो बस्तीका बासिन्दालाई भोकमरी नलागोस् भनेर संघले खाद्यान्न सहयोग गरेको हो । रौतहट बचत तथा ऋण सहकारी संघको समन्वयमा आफ्ना शेयर सदस्यहरूबाट सङ्कलित १ लाख १० हजार रुपियाँबाट खरिद गरिएको चामल सो बस्तीमा उपलब्ध गराइएको हो । चन्द्रपुर नगरपालिकाको वडा नम्बर ८ का अध्यक्ष पासपत चौधरीबाट उपलब्ध गराइएको राहत ६९ घर-धुरीलाई संघले २५ किलोको एक–एक बोराका दरले राहत स्वरूप चामल उपलब्ध गराएको हो ।
चामल उपलब्ध गराउने क्रममा सङ्घका अध्यक्ष देवकी नेपालले माहामारीले राज्यलाई सङ्कट परेको बेला सहकारीबाट राज्यलाई सहयोग गर्ने उद्देश्य सहित रोजगार गुमाएका परिवारलाई राहत स्वरूप खाद्यान्न उपलब्ध गराइएको बताउनु भयो । राहत वितरण कार्यक्रममा चन्द्रपुर नगरपालिकका प्रमुख रामचन्द्र चौधरी, उपप्रमुख रामरती चौधरी, चन्द्रपुर–८ का अध्यक्ष पासपत चौधरीको समेत उपस्थिति थियो ।
सो कार्यक्रममा चन्द्रपुर नगरापलिकाका प्रमुख रामचन्दै चौधरीले नगरभित्र पहिलो चरणको राहत वितरणमा ३ करोड १५ लाख खर्च भएको बताउनु भयो । रोजगार गुमाएका, अतिविपन्न परिवारका सदस्य सहितका समस्यामा परेका नागरिकलाई राहत वितरण गरिएको चन्द्रपुर नगरपालिकाका प्रमुख चौधरीले बताउनु भयो ।

त्यसैगरी, रौतहट जिल्लाको सदरमुकाम गौरमा अवस्थित गौरीशङकर यादव रौतहट क्याम्पसको प्रशासन प्रमुख एवम् नेपाली काँग्रेसको युवा नेता मोहन यादवले लकडाउनको बेला आफ्नो ज्यानको पर्वाह नगरी दिनरात आम-नागरिकको सेवामा खटिएका नेपाल प्रहरी सशस्त्र प्रहरी र नेपाली सेनालाई सात/सात थानको दरले पीपीइ सेट हस्तान्तरण गर्नु भएको छ ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेल**का अनुसार बिश्रामपुर गाउँपालिका-४ बलिरामपुरका ३२ वर्षीय छोटेलाल साहलाई वैशाख २३ गते विहान भारतीय सीमा सुरक्षा बलका जवानले कुटपिट गरेको वडा अध्यक्ष मदनप्रसाद यादवले बताउनु भएको छ । दश गजा नजिक खेतमा काम गरिरहेका साहलाई भारतीय सीमा सुरक्षा बलका जवानले लकडाउनको समयमा किन खेतमा आएको भनि कुटपिट गरेपछि गाउँमा तनाव भएको यादवले बताउनु भयो ।
खेतमा काम गरिरहेको अवस्थामा भारतीय सीमा सुरक्षा बलका जवानले कुटपिट गरेको साहले बताउनु भयो । विवाद बढेर नेपाल र भारत बीचमा स्थानीयबासी, एसएसबी सँग झडप हुने स्थिति सृजना भएको वडा अध्यक्ष यादवले बताउनु भयो ।
नेपाल प्रहरी र सशस्त्र प्रहरीले स्थितिलाई नियन्त्रणमा लिएकाले थप क्षति नभएको र सीमा क्षेत्रमा ठुलो सङ्ख्यामा सुरक्षाकर्मी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय बाराका डिएसपी गौतम मिश्रले बताउनु भयो ।
त्यसैगरी, कोरोना भाइरस सङ्क्रमण फैलिन नदिन १६ ओटा स्थानीय तहले आ-आफ्नो प्रवेश नाकामा कडाई गरी प्रवेश गर्ने सवारी साधनहरूलाई डिस इन्फेक्शन स्प्रे गर्ने गरेका कलैया उपमहानगरपालिकका नगर प्रमुख राजेश राय यादवले बताउनु भएको छ । अति आवश्यक काम बाहेक निस्किएका गाडी र मानिसहरूलाई लकडाउनको पालना गरि सुरक्षित घरैमा बस्न आग्रह गरिरहेको निजगढ नगरपालिकाका प्रवक्ता तथा कोरोना भाइरस महामारी विपद व्यवस्थापन समिति निजगढका संयोजक नविन खनालले जानकारी दिनु भयो । पूर्व–पश्चिम राजमार्गको निजगढमा निजगढ

नगरपालिका, प्राथमिक स्वास्थ्य केन्द्र निजगढ र युथ अफ निजगढको सहकार्यमा राजमार्गमा नैं स्वास्थ्य चेकजाँच गरिरहेको युथ अफ निजगढका अध्यक्ष गङ्गामाया श्रेष्ठले बताउनु भयो ।
करिब ८ लाख ३० हजार जनसङ्ख्या भएको जिल्लामा कोरोना सङ्क्रमणको पुष्टिसँगै अहिले जिल्लाका विभिन्न बस्ती, राजमार्ग समेत सुनसान रहेको सशस्त्र प्रहरी एसपी दिग बिजय सुवेदीले बताउनु भयो ।
छिमेकी देशको सीमा नाकामा सशस्त्र प्रहरी र  नेपाल प्रहरी लगायतले निगरानी बढाएको एसपी कृष्ण पंगेनीले बताउनु भयो ।
सिम्रौनगढ नगरपालिकाको सीमावर्ती नाकामा मुख्यबाटो प्रयोग नगरी सहायक बाटो हुँदै सीमा वारी र पारि गर्न भारतीय र नेपाली नागरिकले रातीको समय प्रयोग गरिरहेको कवलपुरका स्थानीय नन्दकिशोर कुशवाहाले बताउनु भयो । घरेलु अबैध मदिरा ओसारपसार गर्नेहरू खेतको चोर बाटो प्रयोग गरी रातीको समयमा आएको आफुले देखेको उहाँले बताउनु भयो ।
त्यसैगरी, वन प्राविधिक संघका राजदेवप्रसाद यादवले कोरोना भाइरस रोकथामको लागि वैशाख २३ गते प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद पण्डितलाई २० हजार रुपियाँ सहयोग गर्नु भएको छ । संघका अध्यक्ष राजदेवप्रसाद यादवको अगुवाइमा गएको एक टोलीले प्रमुख जिल्ला अधिकारी पण्डितलाई २० हजारको चेक प्रदान गर्नु भएको कार्यालयका सूचना अधिकारी ओम खड्काले बताउनु भयो ।
नेकपाका युवा नेता उमेश कुशवाहाले प्रसौनी गाउँपालिकाको स्वास्थय शाखाका संयोजक सुरेश साहलाई वैशाख २३ गते ५० थान मास्क र ५० थान पञ्जा वितरण गर्नु भएको छ । प्रसौनी गाउँपालिकाका स्वास्थयकर्मीहरूलाई कोरोना भाइरसको सङ्क्रमणबाट जोगाउनको लागि मास्क र पञ्जा वितरण गरेको कुशवाहाले बताउनु भयो ।
लकडाउनबाट प्रभावित गरगहना बनाउने १ सय जना कालीगढहरूलाई नेपाल सुन चाँदी व्यवसायी सङ्घले चामल २० किलो, दाल दुई किलो, पिठो दुई किलो, चिनी एक किलो, खाने तेल, नुन, सोयाबिन र साबुन लगायतका राहत सामग्री वितरण गरिएको सङ्घका बिजय स्वर्णकारले जानकारी दिनु भयो ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसी लामिछाने**का अनुसार बीरगंज महानगरपालिकाको कोभिड अस्पताल सम्बन्धी प्रास्तवनालाई संघीय सरकारको स्वास्थ्य मन्त्रालयले अनुमती प्रदान गरेको छ । वैशाख २३ गते मन्त्रीस्तरीय निर्णयबाट कोभिड अस्पताल सञ्चालनको अनुमती दिएको पूर्व सांसद एवम् नेकपाका नेता बिचारी यादवले जानकारी दिनु भयो ।
बीरगंज महानगरपालिकाले गण्डक अस्पतालसँग कोभिड अस्थायी अस्पताल सञ्चालन गर्ने गरि गरेको सम्झौताका आधारमा नारायणी अस्पतालको ब्यानर तथा नेतृत्वमा कोरोना अस्थायी अस्पताल सञ्चालन हुने गरि निर्णय गर्ने स्वास्थ्यमन्त्री भानुभक्त ढाकालले बताउनु भएको नेकपा बीरगंज महानगर कमिटीका अध्यक्ष रहव अन्सारीले बताउनु भयो ।
वैशाख ६ गते बीरगंज महानगरपालिका र गण्डक अस्पतालका बीचमा सुविधा सम्पन्न कोरोना अस्थायी अस्पताल सञ्चालनमा ल्याउन सम्झौता भएको थियो । कोभिड अस्पताल नारायणी अस्पतालको नाममा सञ्चालन हुनेछ । त्यसको नेतृत्व नारायणीका मेडिकल सुपरिटेण्डेण्टले गर्ने छन् । अस्पताल सञ्चालनमा आएपछि जोडिएका आवश्यक पूर्वाधारहरू नारायणी अस्पतालकै हुने छन् ।
सङ्घ सरकारले कोभिड अस्थायी अस्पताल सञ्चालनका लागि स्रोत उपलब्ध गराउने छ । अन्य व्यवस्थापन भने बीरगंज महानगरले गर्ने गरि स्वास्थ्य मन्त्रालयले कोभिड अस्पताल सञ्चालनको अनुमती दिने भएको नेकपाका पोलिटब्यूरो सदस्य नागेन्द्र चौधरीले जानकारी दिनु भयो ।
यसअघि नारायणी अस्पताललाई पूर्वत सञ्चालन गर्न माग गर्दै सबै राजनीतिक दलहरूले आफ्ना मत सार्वजनिक गरेका थिए । महानगरको नेतृत्वमा सर्वदलीय रूपमा स्वास्थ्य मन्त्रालयमा ज्ञापन समेत

बुझाइएको थियो । कतिपय व्यक्तिहरूले लकडाउनको पालना गर्दै आफ्नै आँगनमा बसेर धर्ना समेत दिएका थिए ।

वैशाख २३ गते नेकपाका नेता नागेन्द्र चौधरीको नेतृत्वमा मन्त्रालयमा गएको टोलीले स्वास्थ्य मन्त्रीसँग भेटेर मध्य तराइका नागरिकले भोगी रहेको स्वास्थ्य समस्याको बारेमा जानकारी गराउँदै नारायणी अस्पताललाई पूर्वत सञ्चालनमा ल्याउन माग गर्नु भएको थियो । स्वास्थ्यमन्त्री ढकालले महानगरको सम्झौतालाई आधार मानेर कोभिड अस्पताल सञ्चालनको निर्णय लिने प्रतिवद्धता जनाउनु भएको थियो । अस्पताल सञ्चालन सम्बन्धी पत्राचार वैशाख २३ गते नै हुने संविधान सभा सदस्य यादवले जानकारी दिनु भयो ।

यसैबीच बीरगंजको नारायणी अस्पतालमा वैशाख २३ गते देखि पिसीआर मेशिन सञ्चालनमा आएको छ । अस्पतालमा जडा भएको पीसीआर ल्याबबाट आज पहिले चरणमा १६ जनाको स्वाबको परीक्षण गरिएको अस्पतालको मेडिकल सुपेरिटेन्डेन्ट डा. मदन उपाध्यायले जानकारी दिनु भयो । ०७६ चैत ३० गते बीरगंजमा तीन जना भारतीय नागरिकमा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएपछि कोभिड अस्पताल र पीसीआर मेशिनको माग भएको थियो ।

**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**